FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

*Ref. N-399/015-17* *GoN Registration No. : 01-2070/71*

## प्रेस विज्ञप्ति

आज मिति २०७३ माघ १२ गते नेपाल सरकारले वैदेशिक रोजगारीका क्रममा कामदारको मृत्यु भएमा पीडित परिवारले क्षतिपूर्तिस्वरूप पाउँदै आएको रु. १८ लाखको रकममा ९ लाख रु. बृद्धि गरी रु. २७ लाख रुपैंया दिने र कामदारको स्वास्थ्य विमा तर्फ साविकको सुरक्षा तथा सुविधालाई विस्तार गर्ने निर्णय गरेकोमा गैरआवासीय नेपाली संघ यस निर्णयको स्वागत गर्दै नेपाल सरकार प्रति हार्दिक आभार प्रकट गर्दछ ।

गैरआवासीय नेपाली संघले वैदेशिक रोजगारमा जाने कामदारहरुको हकहितको सुरक्षाका लागि लामो समयदेखि सहकार्य गर्दै आएको र सुविधा बृद्धिका लागि घचघचाउदै आएको सन्दभमा यो निर्णय निकै स्वागतयोग्य छ। सरकारको आजको यस निर्णयले वैदेशिक रोजगारमा जाने सबै नेपाली कामदारहरुलाई खुशी तुल्याएको छ ।

यसका अतिरिक्त बैदेशिक रोजगारमा गएका कामदारको सुरक्षाका लागि नेपाल सरकारसँग सहकार्य गरेर एक कल्याणकारी राहत कोषको स्थापनाको लागि पहल गरिरहेको छ ।

बैदेशिक रोजगारीमा जाने नेपालीहरुले भोगिरहेका समस्या समाधानका लागि नेपाल सरकार वा कुनै संस्थाको एकल प्रयासले सम्भव नहुने भएकाले यसका लागि बहुपक्षीय र बहुराष्ट्रिय समन्वय जरुरी हुने हाम्रो मान्यता रहादै आएको छ। नेपाल सरकारले गरेको यो निर्णयले परदेशमा पीडामा रहेका नेपाली दाजुभाई दिदीबहिनीको समस्या समाधानका लागि महत्वपूर्ण भूमीका खेलेको हामीले ठानेका छौं।

अन्त्यमा, फेरी पनि यस निर्णयको स्वागत गर्दै वैदेशिक रोजगारमा जाने नेपालीहरुको हकहितको लागि संघ सदैव नेपाल सरकार र सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्न तत्पर रहेको जानकारी गराउँद छौं ।

रञ्जु थापा वाग्ले
प्रवक्ता,
अन्तर्राष्ट्रिय समन्वय परिषद्,
गैरआवासीय नेपाली संघ ।

मितिः २०७३ माघ १२

NRNA Secretariat, FNCCI Building, Shahid Shukra FNCCI Milan Marg, Pachali, P.O.B 269, Kathmandu, Nepal
Tel: (977-1) 4215247, Fax:(977-1) 4262255, Email: contact@nrna.org.np, URL: www.nrna.org.np